# प्रेश विज्ञप्ति

लुम्विनी विकास बैंक लिमिटेडले मुलुकभर आफ्नो सेवा विस्तारको क्रममा मोरङ जिल्लाको सुन्दर हरैचा नगरपालिकामा आज मिति २०७४/७/२६ गते आफ्नो ५७ औं शाखा स्थापना गरेको छ । उक्त शाखा सुन्दर हरैचा नगरपालिकाका प्रमुख श्री शिव प्रसाद ढकालले एक समारोहका वीच समुद्घाटन गर्नुभयो । सो अवसरमा उद्घाटन समारोहको सभापतित्व गर्दै बैंक सञ्चालक समितिका अध्यक्ष सुशिल राज पराजुलीले बैंकवाट आगामी दिनमा अझ प्रतिस्पर्धात्मक रुपमा आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्ने साथै ग्रामिण भेगमा समेत क्रमश सेवा विस्तार गर्दै जाने बताउनु भयो । उक्त समारोहमा सम्बोधन गर्ने क्रममा बैंकका सञ्चालक चिन्तामणी भट्टराईले बैंकले ग्रामिण जनतासंगको सामिप्यतामा अभिबृद्धि गर्दै जाने र यसवाट सवैले यथोचित लाभ लिन सक्ने बताउनु भयो ।

कार्यक्रममा उपस्थित अतिथि तथा सम्पुर्ण ग्राहक महानुभावहरुलाई प्रमुख कार्यकारी अधिकृत झलक प्रसाद खनालले स्वागत गर्दै बैंकवाट उपलव्ध सेवा सुविधाहरुको सम्बन्धमा स्पष्ट पार्नुभएको थियो ।

बैंकको केन्द्रीय कार्यालय डिल्लीबजारवाट संचालन भई मुलुकका विभिन्न भागमा रहेका ५७ शाखा सञ्जालहरु तथा १२ एटिएम मार्फत विभिन्न निक्षेप तथा कर्जा सुविधाका साथै ATM, ABBS, SMS Banking, Mobile Banking, ASBA लगायतका सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध हुनेछन ।

बैंकले २०७४ आश्विन मसान्तसम्म करिब रु १८ अर्व ४५ करोड निक्षेप संकलन तथा रु १५ अर्व ९० करोड कर्जा प्रवाह गरेको छ भने रु २ करोड ५३ लाख सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको छ ।

लुम्बिनी विकास बैंक लि.

Lumbini Bikas Bank Ltd.

निरन्तर सहयात्रा

